## गंगादेव गाउँपालिका

# गाउँ कार्यपालिकाको बैठक

आ.व. २०८१/०८२ को गाउँ कार्यपालिकाको बैठक
संख्याः..................................

- ❖ मितिः २०८२ असार महिनाको १८ गते बुधबार।
- ❖ समयः ४:०० बजे दिउँसो।
- ❖ स्थानः गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पा ।

गंगादेव गाउँपालिकाका अध्यक्ष श्री हरी बहादुर पुनको अध्यक्षतामा बसेको गंगादेव गाउँ कार्यपालिकाको बैठ्कमा तपशिलको उपस्थितिमा तपशिल बमोजिमका बिषयहरुका छलफल गरी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| सि.न. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरी बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री अमृता कुमारी के सी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अमृत बहादुर वली | वडा अध्यक्ष (१ न. वडा) | |
| ४ | श्री अमर बहादुर खत्री | वडा अध्यक्ष (२ न. वडा) | |
| ५ | श्री लोकमान वली | वडा अध्यक्ष (३ न. वडा) | |
| ६ | श्री कृष्ण वली | वडा अध्यक्ष (४ न. वडा) | |
| ७ | श्री अमृत बहादुर बुढा | वडा अध्यक्ष (५ न. वडा) | |
| ८ | श्री विर बहादुर वली | वडा अध्यक्ष (६ न. वडा) | |
| ९ | श्री प्रेम प्रकाश के सी | वडा अध्यक्ष (७ न. वडा) | |
| १० | श्री भक्ती वि.क. | गाउँ कार्यपालिका सदस्य | |
| ११ | श्री रामकला वि क | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री दुरपता घर्ती | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री तुल्सी कामी | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री कमला डाँगी | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री खिमा कुमारी के सी | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री शालिकराम बस्नेत | सदस्य सचिव | |

आमन्त्रितहरुको उपस्थितिः

| सि.न. | कर्मचारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कुल बहादुर योगी | स.प्रशासकीय अधिकृत (प्र.शा.प्र.) | |
| २ | हरीलाल वली | कार्यालय सहयोगी | |
| | | | |

प्रस्तावहरुः-

१ अघिल्लो कार्यापालिकाको बैठ्क समिक्षा सम्बन्धमा ।

२ ठेक्का म्याद थप गर्ने सम्बन्धमा ।

निर्णयहरूः

निर्णय नं १ : प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाबाट पारित भएका निर्णयहरुको समिक्षा गरी कार्यान्वयनको चरणमा रहेका निर्णयहरुलाईप्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं २: प्रस्ताव नं २ उपर छलफल गर्दा गंगादेव गाउँपालिकाको वडा नं. ६ र ७ मा संचालित समपुरक बजेट अन्तर्गतको लाकुरीचौर चिसापानी उपल्लो जाया राँक डाँडा हुँदै ताप्ला जोड्ने मोटरवाटो निर्माण योजना मिति २०८२ साल असार २० गते सम्म सम्पन हुने गरी सम्झौता भएको र गंगादेव गाउँपालिका वडा नं. १ मा संचालित समपुरक बजेट अन्तर्गतकोपोखरा च्यानडाँडा पिठानचौर र चौर ग्यानडोरे काफलचौर हुँदै मेलडारी जोड्ने मो.बा. निर्माण योजना मिति २०८२ साल असार २० गते सम्म सम्पन्न हुने गरी सम्झौता भएकोमा उक्त योजनाहरु विविध कारणले सोहि मितिमा सम्पन्न हुन नसक्ने भनी उक्त योजनामा सम्पन्न गर्ने गरी ठेक्काको काम लिएका निर्माण व्यवसायीहरु सुनिल एण्ड विजय कन्ट्रक्सन प्रा.लि. र चक्ररिता निर्माण सेवा प्रा.लि.ले क्रमश मिति २०८२ जेठ २८ र २९ गते दिएको निवेदनको आधारमा उक्त आयोजनाहरुको बाँकी काम मिति २०८२ साल असोज मसान्त सम्म सम्पन्न गर्ने र गाउँपालिकाको मौज्दात रकमबाट भुक्तानी दिने गरी म्याद थप गर्ने निर्णय गरियो ।